नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 25 No 9 Monthly International Edition of Herald of His Coming September 2024

वर्ष २५, अङ्क ९ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (असोज, २०८१)

जे. हडसन टेलर (१८३२- १९०५) परमेश्वरको लागि चीनमा (भाग - ३)

J. Hudson Taylor (1832 - 1905) : In china for God (Part – 3)

चाइना इन्लेण्ड मिसनको कामको नेतृत्व गर्ने जिम्मेवारी कतिपटक श्रीमान् टेलरको लागि सहनै नसकिने भयो । लडाँई परमेश्वरको हो"। (१ शमूएल १७ : ४७) भन्ने वचनले उनले शक्ति प्राप्त गर्न सको "म होइन तर ख्रीष्ट"

चीनमा आफ्नो दोश्रो कार्यकालको दौरानमा टेलरले आफ्नो आत्मिक जीवन पवित्र र गहिरो नभएको महसुस गरे । उनले उपवास वसे, प्रार्थना गरे वाइबल अध्ययनको लागि थप समय छुट्याए तर उनले यी सबैकुराहरु गर्न सकेनन् । उनलाई यो राम्रोसंग थाहा थियो कि ख्रीष्टमा सबैकुरा सम्भव छ तर त्यसलाई कसरी आफ्नो वनाउने उनले थाह पाएनन् । त्यसपछि उनको जीवनमा नयाँ कुरा आउन थाल्यो, वास्तवमा उनले तुरुन्त उत्तर पाए यो त विश्वासबाट मात्र सम्भव छ ।

उनले आफ्नी वहिनीलाई ठूलो खुशीले एउटा पत्र लेखे । बहिनी ! मैले हिजो देखेको रुख र हाँगाहरुको सम्बन्धको विषयमा सोचें (यूहन्ना १५ : १ - ११) मैले परमेश्वरबाट ठूलो प्रकाश पाउन सकें । मैले आफूलाई रुखबाट हाँगालाई अलग गरेको रहेछु तब म कसरी फल फल्न सक्छु ? म मद्वारा भए ठूलो अपराध गरे जस्तै ग्लानि भयो । यो खण्डमा मैले खिष्ट म सँग सधै रहने कुरामात्र सोचिन म त उहाँको शरीरको एक सदस्य को रहेछ भन्ने सम्झें । जब मैले दाखको वृक्षलाई हेर्दछु, केबल जरा मात्र होइन सबै जराहरु, हाँगा मात्र होइन ससा ना हाँगाहरु, पात, फूल, फल सबै नियालेर हेरें । मैले यो खण्डमा ख्रीष्ट माटो, हावा, वर्षा, रुखको लागि चाहिने कुरा सम्पूर्ण उहाँनै हुनुहुन्छ भन्ने बुझें । जुन कुरा हामीले कहिल्यै सोचेका पनि हुँदैनौं । उहाँ हाम्रो आवश्यकता भन्दा दशौं गुणा वढ्ता हुनुहुन्छ । ओहो ! मैले यो सत्यता बुझें कस्तो खुशीको दिन । हाम्रो उद्धारकसँग एकै रुख र हाँगाजस्तै भएर वस्न पाउनु कति खुशीको कुरा । उहाँ शरिरको सदस्य : कस्तो आशिष ।

ख्रीष्ट येशूमा यो नयाँ जीवन उहाँको अत्यन्तै व्यस्त जीवनबाट प्राप्त भयो । टेलरले सबैभन्दा पहिले आफ्नो आत्मामा आशिष प्राप्त गर्ने प्राथमिकता दिए । यो सत्यता बुझेपछि टेलरले आफ्नो काममा फेरि निरन्तरता दिए । उनी नयाँ ताजकि साथ फेरि काम गर्न सुरु गरे । अगाडिका दिनहरुमा पनि धेरै समस्याहरु नआएका होइन । तर उनले सबैलाई चिर्दै अगाडि बढे । उनले यो कुरा बुझ्न सके कि परमेश्वरले हामीलाई चाहिने सम्पूर्ण कुरा को व्यवस्था गर्नुहुन्छ । श्रीमान टेलर र श्रीमतीले परमेश्वरको सेवा त्याग्न अँटिका छन् भनी धेरै कथाहरु चीन देश भरी प्रचार भएको थियो । तर यो अनुभवले उनलाई फेरि ताजकि दियो । उनी विरामी सेवकहरुलाई सेवा गर्नु, बलियो पार्न, हौसला दिन, सल्लाह दिन कठिन समस्याहरुलाई कसरी समाधान गर्न बुझाउन उनी फेरी उत्तिकै सहभागि भए र पहिला भन्दा झन ठूलो काम गरे ।

टेलरले अब नयाँ आत्मिक जीवन पाएका थिए र अब उनले विश्वासको ठूलो कदम चाल्नु पर्ने थियो । उनका पाँच जना छोरा छोरीहरु थिए, त्यसमध्ये २ जनाको मृत्यु चीनमै भयो र तिनीहरु चीनमै गाडिए । त्यसपछि उनको एक हप्ताको शिशुको मृत्यु भयो । त्यतिवेला यी तिन जना वच्चाहरुलाई एकजना कसैको रेखदेखमा

वेलाएत पठाउनु राम्रो हुने थियो । यस्तो अवस्थामा कुनै एक जना महिलाले अरु बच्चाहरुलाई "आमा"को भूमिका निभाउन सक्ने थिइन ।

यसको केही समय पछि, टेलरको जीवनमा अर्को वज्रपात आइलाग्यो । उनकी प्रिय श्रीमती मारियाको हैजाको कारणले अचानक मृत्यु भयो । उनी ३३ वर्षकी मात्र थिइन् । यस्तो एक्लोपन भएको वेलामा पनि उनको ख्रीष्ट सँग भएको नयाँ सम्बन्धले उलनाई उत्साह दिइनै रह्यो । उनी आफै पनि निकै विरामी परेर दुर्वल भए । उनले आफ्नो दैनिकीमा यसरी लेखेका थिए "ख्रीष्ट मेरो जीवनमा के हुनुहुन्छ र मेरो लागि के गर्नु हुन्छ भन्ने कुरा कुनै शब्दले व्याख्या गर्न सकिदैन । उहाँले मलाई कहिलै पनि छाड्नु हुन्न उहाँको प्रेमले मलाई लगातार हौसला दिनुहुन्छ । लाजरसको मरेको वेलामा उनका दिदीहरुलाई सान्त्वना दिनु हुने परमेश्वर उहाँ हुनुहुन्छ । हुन त मेरो यस्तो अवस्थामा मेरो लागी कोही थिएनन् तर उहाँ मेरो साथमा सधै हुनुभयो । उहाँ आफै मेरो लागि रहनु भयो । उहाँको आफै विश्राम, उहाँको आफ्नै शान्ति, उहाँको आफ्नै खुशी ख्रीष्टले मलाई दिनुभयो ।"

यो समयमा चीनमा धेरै अस्थिरता थियो, सेवकहरुका लाई स्थिति एकदमै तनावपूर्ण थियो । दंगा हुनसक्ने खतरा पनि थियो । यो समयमा टेलरले विदेशी सेवकहरुलाई ठूलो गवाही दिन सके । त्यसरी नै उनीहरु संकटको समयमा शान्ति र आनन्दमा रमाउन सकें, स्थिर वसे चिनीया विश्वासीहरुलाई ख्रीष्टका अनुयाई र विदेशी सेवकहरुको साथ भएका कारण उत्पिडनको सामना गर्न परमेश्वरमा विश्वास राख्न ठूलो सहयोग भयो ।

वेलायत फर्किएका

चीनमा सात वर्ष परमेश्वरको सेवा गरेपछि टेलर वेलायत फर्किए । उनले वेलायत छाड्ने समयमा १३ मिसन स्टेसनहरु थिए । जसमा ३० भन्दा बढि विदेशी सेवकहरु र ५० चिनियाँ कार्यकर्ताहरु कार्यरत थिए । ती स्टेसनहरु औसतमा १०० माइल टाढा थिए । यो समयमा श्री वर्गर (उनका मित्र)ले सेवाका कामहरुलाई राम्रोसँग समाल्नु भएको थियो । यस्तो अवस्थामा उहाँको राजिनामा स्वीकृत गर्नु पर्ने एकदमै जरुरी भयो । उनको स्वास्थ्य अवस्था एकदमै कमजोर भएकाले त्यो सेवालाई समाल्ने र अगाडि बढाउने एकजनाको अगुवाको नितान्त आवश्यकता परेको थियो । यस्तो अवस्थामा त्यो काम टेलरले नै समाल्नु पऱ्यो, अरु कुनै विकल्प नै देखिएन ।

सेवाका विभिन्न क्षेत्रहरु मध्ये प्रार्थना सेवा निकै प्रभावकारी र महत्वपूर्ण भएको थियो । टेलरले आयोजना गरेको एक प्रार्थना सेवालाई स्मरण गर्दै एकजना सेवकले यसो भनेका छन् "मैले कहिले पनि कसैले पनि श्री टेलरले जस्तो प्रार्थना गरेको देखेको वा सुनेको पनि छैन । त्यो सभामा एकजना इमान्दार सादगी, कोमल, हिम्मती व्यक्ति हुनुहुन्थ्यो जसको प्रार्थनाले सम्पूर्ण सभालाई नै स्तब्ध पारेको छ ।" परमेश्वरले टेलरलाई एउटा मित्रलाई झै व्यवहार गर्नु भएको मैले देखें । उहाँले परमेश्वरसँग अनुहारमा हेरेको जस्तै गरी स्पष्ट सँग कुरा गर्नुहुन्थ्यो । जसरी एक व्यक्ति आफ्नो मित्रसँग कुरा गर्दछ । यो प्रार्थना लामो समय सम्म गुप्त स्थानमा राखिएको फल जस्तै थियो । परमेश्वर सिधै टेलसँग मधुरवाणीमा बोलिरहनु भएको थियो । त्यो प्रार्थनाको अन्त्यमा सवै विश्वासीहरुले सार्वजनिक रुपमै प्रार्थना गरेको मैले सुनें तर टेलर आफु भने त्यो सभाबाट अलग्गै ठाउँमा गएर बसेका थिए । उनको आवाज जतिले सुने त्यो कहिल्यै कसैले विर्सन नसकिने थियो । चीनका लागि टेलरले गरेको विलाप (प्रार्थना) सुन्दा "धार्मिक जनको प्रार्थना प्रभावशाली हुन्छ" (याकूब ५ : १६) भन्ने बाइबलको यो खण्ड पूर्ण भएको देख्न सकिन्थ्यो ।"

प्रार्थना गर र परिश्रम गर :

सेवामा घरयासी अवस्थाहरु मिलाउँदा, गर्दै चीनबाट उनी एक वर्षनै टाढा रहन पुगे र अव आफ्नो वोलावट भएको भूमिमा फर्कन उनी तयारी गर्दै थिए । परमेश्वरले टेलरलाई एकजना नयाँ मित्रसँग भेट गराउनु भयो । जो चीनमा उनले नेतृत्व गरिरहेको सेवाको क्षेत्रका काम गरेकी एकजना महिला थिइन् । ती मित्रसँग वेलायत गएर त्यहाँ एउटा परिषद गरे र घरेलु कामहरु मिलाएर यी नयाँ साथिसँग विवाह गरी दुवै जना फेरि चीनमै फर्केर आए ।

त्यसपछि टेलर विभिन्न स्थानहरुमा सेवाका क्षेत्रहरु निर्माण गर्दा दौडाहा गर्नुभयो । त्यही समयमा एकजना सेवक एकदमै निरुत्साहित भएका थिए । त्यो समयमा टेलरले प्रार्थना गर र परिश्रम गर भन्ने विषयमा सिकाए उनले यसरी भन्दथे "परिश्रमसँग डराउनु पर्दैन, क्रुससँग डराउनु पर्दैन यसले राम्रो फल दिनेछ ।" र ति अर्को सेवको जीवनमा तुरुन्तै पवित्र आत्माको काम देख्न सकियो । त्यो ठाउँमा केही उत्कृष्ट परिवर्तन र धेरैले येशूमा विश्वास गरेर वप्तिस्मा लिए । टेलर ती अरु मानिसहरुको विषयमा धेरै पिरलो मानिरहनुन्थ्यो ।

कुरा १८७४ को हो उनले आफ्नो बाइबलमा एउटा सानो नोट लेखे, कि चीनका मानिसहरु प्रति उनको प्रेम

कति गहिरो थियो । त्यहाँ यसरी लेखिएको थियो "चेकिया डा. प्रदेश का चार फु र अठचालिस हसिएन प्रसासति जिल्ला साथै नौ सुसमाचार नपुगेको ठाउँमा सुसमाचार प्रचार गर्न मैले पचास वा सय स्थानिय प्रचारकहरु र अरु आवश्यकता अनुसारका विदेशी सेवकहरुको माग परमेश्वरसँग गर्दछु ।" त्यसरी हेर्दा उनको करोडौं मानिसहरु प्रति प्रगाढ प्रेम थियो भन्ने देखिन्छ । उनी अगाडि लेख्छन् "साथै नौं सुसमाचार प्रचार नभएका प्रान्तहरुमा प्रचार गर्ने मानिस चाहियो" भनी उनले नोटमा लेखेर बाइबलको विचमा राखेका थिए । उनी अगाडि भन्दछन् "प्रभु मैले यो सबै काम भएको देख्न चाहन्छु यो महान काम गर्नको लागि मलाई आवश्यक पर्ने बल, बुद्धि र अनुग्रह दिनुहोस् ।" आमिन !

यसबाट थाहा हुन्छ कि उनले प्रशस्तै परिश्रम गरे,चीनमा सुसमाचार सुनाउने आफ्नो काम उनले पुरा गरे । १८७६ मा पश्चिम तिरका प्रान्तहरुमा उनले आफ्नो मुहार फर्काएर धेरै सेवकहरुलाई त्यता जान उत्साह दिए । उनी चीनमा सुसमाचार नसुनेका एकसय असिमिलियन मानिसहरुले सुसमाचार सुनुन भन्ने उनको चाहत थियो । उनी भन्दथे "ओ हो ! म सँग उनीहरुको भलाई को लागि दिन वा खर्च गर्न सय जीवनहरु हुने भए कस्तो हुन्थ्यो होला ।"

(डा. श्रीमान श्रीमती हार्डटेलर द्वारा लिखित पुस्तक "हडसन टेलर र चाइना इनलेण्ड मिसन, द ग्रोथ अफ अ वर्क अफ गडबाट साभार - क्रमश अको अंकमा)

खीष्टका सिपाहीहरु उठ !

(Soldiers of Christ, Arise)

By Charles Wesley

खीष्टका सिपाहीहरु उठ !
र आफ्नो कवच लगाउ,
परमेश्वरले दिने वलमा वलवान वन,
उहाँको अनन्त पुत्रमार्फत
सेनाहरुमा प्रभुमा वलवान वल,
र उहाँको शक्तिशाली शक्तिमा
जो येशूको वलमा विश्वास गर्दछ
त्यो विजयी भन्दा बढि हो ।

त्यसपछि उहाँको महान वलमा खडा हो,
उहाँको सम्पूर्ण वलमा सुसज्जित भएर,
र लडाईको लागि आफुलाई तयार गर्न,
परमेश्वरको सम्पूर्ण कवच लगाऊ
त्यसो गर्दा सबै कुराहरु पुरा गर्न
र सबै संघर्षहरु पार गरिसकेपछि
तिमीहरु खीष्ट मार्फत मात्र विजय प्राप्त गर
र अन्तमा पूर्णरुपमा खडा रह ।

कुनै असुरक्षित ठाउँ नछोड,
आत्माको कुनै कमजोरी नछोड
हरेक सद्गुण हरेक अनुग्रहलाई ग्रहण गर,
र सम्पूर्णलाई बलियो बनाऊ ।
तिम्रो कवच उज्यालो राख्न,
निरन्तर हेरचाहमा ध्यान देऊ
तिम्रो कप्तानको दृष्टिमा हिडिराख,
र प्रार्थनामा सतर्क रह ।
प्रार्थना गर विनारोक प्रार्थना गर,
तिम्रो कप्तानले आदेश दिनुहुन्छ
उहाँको आव्हानलाई खुसीसाथ पालना गर
र प्रभुलाई बोलाऊ ।
तिम्रो प्रत्येक चाहना
तुरुन्त प्रार्थनामा परमेश्वरसँग देखाऊ
सधै प्रार्थना गर, प्रार्थना गर नथाक
प्रार्थना गर विना रोकटोक प्रार्थना गर ।

सहकार्यमा, एक्लै
विश्वासाथ परमेश्वर तिर नजिक जाऊ
उहाँको दरवारमा प्रवेश गर, उहाँको सिंहासनलाई हेर,
प्रार्थनाको सम्पूर्ण शक्तिकासाथ
उहाँको मन्दिरमा जाऊ जाऊ
र उहाँको वेदीबाट नहट !
हरेक घर घरमा उहाँको उपासना होस्,
र हरेक हृदयमा उहाँको प्रेम ।

वलबाट बलमा अगाडि बढ
संघर्ष गर, लड र प्रार्थना गर,
अन्धकारका सबै शक्तिलाई कुल्च,
लडिएको दिनलाई जित्न प्रयास गर
आत्मालाई सधै चिच्याउन देउ,
उहाँका सबै सिपाहीहरु हो, आऊ !
जबसम्म खीष्टमाथिबाट ओर्लनु हुन्न
र विजेताहरुलाई घर लैजानु हुन्न ।

नियमित बाइबल पढ्ने बानी बसालौं

पश्चाताप, शुद्धिकरण र ख्रीष्टप्रति समर्पण

Confession, Cleaning and Consecration to Christ

By Ruth Paxson (1889 - 1949)

तलको सामाग्रीले किन विश्वास गर्नेहरुलाई आफ्नो जीवनमा आत्माको परिपूर्णता हुन नदिन सक्छ र ती कारणहरुलाई कसरी पराजित गर्न सकिन्छ भन्ने कुराहरुको व्याख्या गर्दछ - सम्पादकीय ।

किन म सँग आत्माको परिपूर्णता छैन ? यसमा दुई वस्तुगत कारणहरु छन् । यसको पहिलो कारण अज्ञानता हो । ख्रीष्टमा हामीसँग परमेश्वरको परिपूर्णता छ, र आत्मामा उहाँ हामी सँग हुनुहुन्छ । ख्रीष्टको परिपूर्णता हाम्रो व्यक्तिगत सम्पत्ति हो । तर हाम्रो परमेश्वरको वचन प्रतिको अज्ञानताको कारणले र हाम्रो ज्ञानको कमिको कारणले यो प्राप्त गर्न सकेका छैनौं । फलस्वरुप हामीसँग परिपूर्णताको अभुभवको कमी छ । अर्को कारण, हाम्रो विश्वासको कमी । हामी सत्यलाई वौद्धिक र सैद्धान्तिक रुपमा मात्र चिन्छौं । यो कुरा हाम्रो हृदयको अनुभव भएको छैन । वा हामीलाई थाहा छ कि हामी आफ्नो ज्ञानमा काम गर्न र विश्वासद्वारा यो आशिषलाई अपनाउन डराउँछौं । "यसकारण हामी देख्दछौं, तिनीहरु अविश्वासको कारणले प्रवेश गर्न सकेनन् ।" (हिब्रू ३ : १९)

पापसँग व्यवहार गर्नु :

त्यसपछि अनुभवको क्षेत्रमा २ वटा व्यक्तिपरक, कारणहरु छन्, पहिलो हो स्विकार नगरिएका पाप । पवित्र आत्मा पवित्र हुनुहुन्छ र उहाँ वास गर्ने ठाउँ पनि पवित्र र सट्ट हुनु अतिनै आवश्यक छ । पवित्र आत्माले मारिनुको अर्थ पवित्रताको माग गर्दछ । जीवन जानेर वा अन्जानमा पापलाई प्रवेश गर्न दिंदा पवित्र आत्माले हामीमा जिउनु असम्भव नै छ ।

दोश्रो इतिहास २९ अध्यायमा राजा हिजकियाको घटनालाई विचार गरौं त, यो खण्डले अद्भुत पुनरुत्थानको समयमा मन्दिरको शुद्धिकरणले परमेश्वरले मानवजाति सँग माग गर्ने सुद्धता र यसको परिणाम स्पटसँग देखाउँदछ । "मेरा कुरा सुन, हे देवीहरु, अव आफैलाई सुद्धपार र आफ्ना पिताहरुका परमप्रभु परमेश्वरको घरलाई सुद्धपार, र अपवित्र कुराहरु लाई पवित्र स्थानबाट वाहिर निकाल ।" (२ इतिहास, २९ :५) अझै अगाडि यसरी भनिएको छ ".....र पूजाहारीहरु घरको भित्री भागमा गए त्यसलाई सुद्ध गर्न, र सबै अपवित्रता जसलाई उनीहरुले परमेश्वरको मन्दिरमा भेट्टाए, त्यसलाई बाहिर ल्याए ... अब उनीहरुले पहिलो महिनाको पहिलो दिनमा शुद्धीकरण सूरु गरे ..... र पहिलो महिनाको सोह्रौ दिनमा शुद्धीकरण समाप्त गरे ।" (२ इतिहास २९ : १६ - १७)

यहाँ प्रयोग गरिएको फोहोर शब्दलाई के तपाईंले याद गर्नु भयो ? जब परमेश्वरले पापको कुरा गर्नुहुन्छ, उहाँको कुनै नरम वा साधारण भावुक शब्दहरु प्रयोग गर्नु हुन्न । उहाँले त्यसलाई त्यसकै रुपमा व्यवहार गर्नुहुन्छ । "फोहोर" पवित्र स्थानमा फोहोर" । पवित्र स्थानमा यति धेरै अपवित्रताहरु कसरी जम्मा भयो । जसले गर्दा राजाले मन्दिरको विशेष शुद्धिकरणको आदर नै दिनुपर्ने भयो । यो कुरा ध्यान दिनुहोस उनीहरुले मन्दिरको वाहिरी आँगनबाट सुद्धीकरण सुरु गरेनन् । तर त्यसलाई उनीहरुले वाहिरै निकाले र त्यो कार्य त्यही रोकिएन उनीहरुले मन्दिरको भित्र पट्टिनै पसेर शुद्ध गर्न सुरु गरे ।

अर्को ध्यान दिनु पर्ने कुरा के भने तिनीहरुले जब उनीहरुले शुद्धिकरण गर्दा सफा मात्र गरेनन् तर त्यहाँ भएको सम्पूर्ण अशुद्ध बस्तुहरुलाई वाहिर निकाले । उनीहरुले केही अपवित्र वस्तुमात्र वाहिर निकालेनन् उनीहरुको फेला पारेका सम्पूर्ण अपवित्र वस्तुहरु वाहिर निकाले । यो सफा गर्ने तरिका अति नै गहिरो होस् जसलाई सफा गर्दा मात्र प्रयोग गरिन्छ । त्यो कार्यलाई पूरा गर्न कति समय लाग्यो ? सोह्र दिन, फोहोर उठाउन सोह्र दिन लाग्यो भने कस्तो गढेको फोहोर होला । तिनीहरुले शुद्ध गर्ने काम नसकुन्जेल काम गरिनै रहे ।

यो त पुरानो करारको घटना भयो अब हामी नयाँ करारमा पनि यो सँग मिल्दोजुल्दो घटनालाई हेरौं । शब्दहरु फरक भएतापनि प्रक्रिया उस्तै घटना १ कोरिन्थीको पुस्तकमा देख्न सकिन्छ ।

"के तिमीहरुलाई थाहा छैन तिमीहरु परमेश्वरका मन्दिर हौ ? परमेश्वरको आत्मा तिमीहरु भित्र वास गर्नुहुन्छ । यदि कुनै मानिसले परमेश्वरको मन्दिरलाई अपवत्रि तुल्याउँछ भने परमेश्वरले त्यसलाई नास गर्नुहुनेछ, किनकी परमेश्वरको मन्दिर पवित्र छ, जो मन्दिर तिमीहरु नै हौं ।" (१ कोरिन्थी ३ : १६ - १८)" ".....हामीलाई शरीर र आत्माको सबै रोगबाट शुद्ध होऔं, हामीले परमेश्वरको भयमा पवित्रतालाई शीद्ध पार्नु पर्दछ ।" (२ कोरिन्थी ७ : १)

तपाइँ परमेश्वरको मन्दिर हुनुहुन्छ भने उहाँको रगतले तपाईंको सम्पूर्ण पाप र अधर्मलाई निको पार्दछ । (२ कोरिन्थी ७ :१) तपाई परमेश्वरको मन्दिर हनुहुन्छ जुन मन्दिर पवित्र छ, परमेश्वरको रगतले मानव जातिलाई पाप र अधर्मबाट सुद्ध पार्दछ ।

सायद तपाईले जीवनमा ठूला ठूला पापहरु गर्नु भएको पनि हुनसक्छ, अनि हामी शरीरबाट गरिने पापहरु वाट मुक्त भएका पनि हुन सक्दछौं, तर तपाईंको आत्माको भित्र पट्टि लुकिएर बसेका पापहरु के कसो छ त ? हुन सक्छ एक पटक हामीले कसैलाई घृणा गरेका हुन सक्दछौं । के त्यो पाप क्षमा भयो ? के तपाईको मनको भित्री कुनमा अझैपनि घृणा लुकेको छ जसले तपाईं अरु पाप गर्न उत्साहित हुनु भएको छ । हो ,हामी पहिला जस्तै कसैसँग खुलेर झगडा गर्दैनौं होला, तर कति पटक तपाईंले घृणा गरेको मानिस त्यही बाटो आएको छ भने हामी बाटो तर्केर हिंड्छौ होला । हामी विजयी भएका छौं भनी मुखले त भन्दछौ तर व्यवहार फरक छ भने के तपाईंलाई शुद्धिकरणले आवश्यकता पर्दैन र ? अवस्य पर्दछ ।

मेरो सेवाको समयमा म एकपटक एउटा छात्राहरुको विद्यालयमा गएको थिए । हामीले सानो मिटिङ गरेका थियौं र अन्तमा एकजना केटी मेरो छेउमा आएर भनीन् "मलाई केही पनि काम गर्न आउँदैन ।" "सायद म अब छुट्टिमा घर जान्छु र फर्केर आउँदिन, मेरा साथीहरुलाई मैले पहिलै भनीसकेकि छु कि मेरो स्वास्थ्यको कारणले म फेरि यो छात्रावासमा आउँदिन ।" उनको स्वास्थ्य बिग्रेको कुरा सत्य नै हो । त्यसको मुख्य कारण उनको आत्मिक जीवन अस्वस्थ भएर नै थियो ।

मैले बाइबलबाट विजयको वारेमा विभिन्न खण्डहरु निकाल्दै थिए, ती खण्डहरु उनलाई कण्ठ नै रहेछन् । उनी मैले विजयको वारेमा कुरा गरें विभिन्न लेखकले लेखेका कुराहरुको बारेमा कुरा गरें । मैले थाहा पाए कि ति मध्ये धेरै पुस्तकहरु त तिनले पढिसकेकी रहिछन् । उनलाई विजयको सिद्धान्त र पदावली राम्रोसँग थाहा थियो तर उनीसँग विजय जीवन भने थिएन । तपाईंले सोध्न सक्नुहुन्छ के उनले ठूलो पाप गरेकि थिइनु ? ओहो ! होइन, त्यो होइन तर उनी भित्र एउटा सानो चोट थियो, चार वर्ष अगाडि उलने त्यसलाई आफ्नो हृदयमा भित्र पट्टि गड्न दिएकि थिइन् । त्यतिबेला उनी एकजना नर्स थिइन र कुनै विरामीको विरुद्धमा उनको मनमा गहिरो घृणा थियो । त्यसकारणले उनले प्रार्थना र वाइबल अध्ययनमा समय विताउन सकेकी थिइनन् । त्यसैले उनलाई शारीरिक रोगहरु पनि लागेको थियो । त्यसले उनलाई पक्रेर राखेको थियो र परमेश्वरको सेवाबाट टाढा लगेको थियो । मानव हृदयमा लागेका यस्ता चोटहरुले उनलाई यस्तो क्षति पुराएको थियो ।

के तपाईको आत्माको भित्रपट्टि यस्तै केही लुकेको छ ? यदि छ भने आजनै तपाईंले त्यसलाई हराउनु पर्दछ । ती नर्सले मसँग कुरा गर्दा गर्दै क्षमाको महसुस गरिन् र अरु दुईवटा छुट्टिहरुमा घरमा नगई सेवामा आफूलाई समर्पित गरिन् । एकपटक स्विजरलेण्डको घटना हो, हाम्रो सेवा सकिए पछि एकजना सेतो कपाल भएका मानिसले सत्ताइस वर्ष अगाडि उनले गरेको पाप स्विकार गर । यो सत्ताइस वर्षमा उनी अनिद्रामा परेका थिए । त्यो दिन उनले सार्वजनिक रुपमै आफ्नो पाप स्विकार गरेर धेरै वर्ष पछि पहिलो पटक बालकजस्तै गरी राम्रोसंग निदाउन सके । उनको शुद्धिकरणको दिन प्रभुको दिन हुन गयो । त्यसपछि पनि मैले उनलाई भेटे त्यसपछि उनले मलाई सत्ताइस वर्षसम्म नपाएको आनन्द प्राप्त गर्न सकें भनेर धेरै पटक गवाही दिए ।

"यदि हाम्रा पापहरु स्विकार गर्छौं भने, उहाँ हाम्रो पापलाई क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध गर्नमा उहाँ विश्वस्त र धर्मिहुनुहुन्छ ।" (१

यूहन्ना १ : ९) जसले आफ्नो पापलाई लुकाउँछ, असफल हुने छैन, तर जसले आफ्ना पापहरु स्विकार गर्दछ, र तिनीहरुलाई त्याग्छ उसले दया पाउने छ ।" (हितोपदेश २८ : १३)

यदि हामीले कसैको विरुद्धमा जानिएको रिस, चोर, अनवल वा कुनै ख्रीष्टलाई मन नपर्ने अलिकति पनि कम गरेका छौं भने हामीले कसैलाई पवित्र आत्माको पूर्णताको लागि प्रार्थना गर्नु व्यर्थ हो । त्यतिवेला हामीले व्यर्थैको प्रार्थना गर्नेछौं । के तपाई आफ्नो जीवनको सबै अपवित्रता, शरीर र आत्माबाट वाहिर निकाल्न तयार हुनुहुन्छ ? शुद्धीकरण परिपूर्णता होइन तर यसले हामीलाई पूर्णतालाई रोक्ने कुराबाट मुक्त गर्दछ र यसका लागी हामीलाई तयार बनाउँछ ।

समर्पित जीवन :

पूर्णता नहुनुको अर्को कारण चाहि समर्पण सहितको जीवन नहुनु हो । यसको अर्थ अनियन्त्रीत वा स्वतियन्त्रीत आत्मा भन्ने लाग्छ । ख्रीष्टमा समर्पित जीवन मात्र सफल जीवन हो र यो जीवनले मात्र जीवनलाई पूर्णता दिन्छ । यसले कुनै आरक्षणलाई अनुमति दिँदैन यसले कुनै पनि वन्द ढोकालाई स्विकार गर्दैन । पूर्णता प्राप्त गर्न हामीलाई ख्रीष्ट र श्रोत नभएका चिजहरुबाट अलग हुनुपर्दछ । हाम्रो जीवन सधै ख्रीष्टको नियन्त्रणमा राख्नु पर्दछ । त्यो जीवननै ख्रीष्टको स्वेच्छिक जीनव हुन सक्छ जुन जीवन ख्रीष्ट केन्द्रित छ । हामीले हिजकिया राजाको जीवनलाई विचार गरौ त मन्दिरको सुद्धिकरण पछि उनीहरुको परमेश्वरलाई आराधना गर्ने फरक तरिकालाई देख्न सकिन्छ ।

".....हिजकियाले भने, 'अब तपाईंहरुले आफैलाई परमप्रभुमा अभिषेक गर्नुभयो, नजिक आउनुहोस् र वलिदान र धन्यवाद चढाउने चढाउन परम प्रभुको घरमा ल्याउनुहोस् । अति समुदायले वलिदान र धन्यवाद चढाउने चढाए, र जति स्वइच्छाले थियो । तिनीहरुले होमबलि चढाए ।" (२ इतिहास २९ : ३१) जब तिनीहरुले फोहोरलाई बाहिर निकाले तब तिमीहरुले चढाउने चिज ल्याए ।

यो पवित्रताको मन्दिर नै परमेश्वरको मन्दिर हो । ईश्वरीय शुद्धीकरण र अभिषेक क्रमैसँग आउने कुरा हो । "पवित्रताको सिद्धान्त शरीर र आत्माको सबै फोहोरको शुद्धीकरण पछि मात्र आउँछ । यो शरीरलाई जीवन वलिदानको रुपमा प्रभुलाई प्रस्तुत गरेर उहाँको शिद्ध स्वामित्व पूर्ण नियन्त्रण र विशेष प्रयोगको लागि प्रस्तुत गरेपछि मात्र आउँछ । "म तिमीहरुलाई परमेश्वरको दयाद्वारा विन्ती गर्दछु, भाइहरु तिमीहरुले आ-आफ्नो शरीरलाई जीवित वलिदानको रुपमा, पवित्र, परमेश्वरलाई स्वीकार जुन तिमीहरुको यथोचित सेवा हो, प्रस्तुत गर्नुपर्छ ।" (रोमी १२ :१)

"उहाँ सवैका लागी मर्नुभयो, ताकि जो वाचिरहेका छन्, तिनीहरु आफैका लागि बाँच्न नदिन, तर तिनीहरुका लागि मर्नुभएको र फेरि बाँच्नु भएको लागि ।" (२ कोरिन्थी ५ : १५)

ख्रीष्टमा आफ्नो जीवन समर्पण गर्नु भनेको उहाँको आत्माले मरिन चाहेजस्तै गर्नु हो । जुन कुरा हामी खुला गर्दछौ वा खालि गर्दछौं त्यसपछि मात्र हामी मरिन सक्दछौं । यदि हामीले कुनै रुपमा आफुलाई शरीर शैतान र संसारको निम्ति खुला गरेको छु भने म त्यहि चिजहरुबाट मारिन्छु, तर यदि मैले जीवनका हरेक ढोकाहरुलाई ख्रीष्ट, आत्मिक वरदान र वचनको लागि खोल्दछु भने ती मेरो आत्मामा मारिन्छन् ।

समर्पण गर्नु भनेको पूर्ण हुनु भनेको होइन, तर त्यसले त्यस कार्यको लागि तयरी भने गर्दछ । खाली हुनुले पूर्णताले मरिनको लागि तयारी पछि ख्रीष्टमा समर्पित जीवन उहाँको आत्माले मरिन सक्छ । के तपाईंले आफ्नो जीवनलाई प्रभू येशूमा समर्पण गर्नुभएको छ ?

ख्रीष्ट कहाँ आउनुहोस् र पिउनुहोस्

पूर्णता कसरी प्राप्त गर्न सकिन्छ ? यो तरिका निकै सरल छ कहिलेकाहीं हामीले यसलाई निकै जटिल बनाएका पनि हुन सक्छौं । उहाँको तरिका के होला ? यो वचनलाई हेरौं त "जो कोही त्यो पानी पिउँछ जुन म उसलाई दिनेछु (यूहन्ना ४ :१४) यो परमेश्वरले दिने उपहारको चित्रण हो । "...येशूले चिच्याएर भन्नुभयो, यदी कोही तिखाउँछ भने, ऊ मकहाँ आओस् र दिओस् ।" (यूहन्ना ७ : ३७)

यो भन्दा राम्रो कुरा के होला ? यी वाक्यहरुको अर्थ बुझ्न कुनै ठूलो शब्दकोष वा व्याख्या गरिरहनु पर्दैन । यी वचनहरु तपाईंको दैनिक जीवनका हिस्सा हुनुपर्दछ । यो एकदमै सरल भएकोले हामीलाई त्यति वास्ता छैन

किनभने हामीलाई यसको कुनै मतलब नै छैन । कुनै मानिस "भन्ने शब्दले जो पनि हुन सक्दछ परमेश्वरको कुनै प्रिय पात्र नहुन पनि सक्छ । जब उहाँले कोही मानिस भन्नुहुन्छ त्यो तपाईंकै नाम काढेर वोलाएको जस्तै हो । कोही मानिस भन्नाले त्यसलाई जनाउँछ जसले उहाँका सर्तहरु पालना गर्दछ । निसर्तहरु के के हुन् -

"तिर्खा" यो साधारण कुरा होइन, यसबाट कुनै शक्ति प्राप्त गर्ने कुरा पनि होइन र त कसैलाई क्षमा गर्नको लागि तयार हुनु नै हो । तिर्खा आत्माले भरिएको मानिसलाई मात्र थाहा हुन्छ । तिर्खा खीष्टको खातिर पवित्रताको लागि एउटा तिव्र इच्छा हो, जसलाई सन्तुष्ट पार्नुपर्छ । यो परमेश्वरको शक्ति प्राप्त गर्ने तिव्र इच्छा हो जसबाट आत्मा जित्न सकिन्छ । जसलाई शान्त पार्नु पर्दछ । तिर्खा शब्द यस सायद यो भन्दा अलिठूलो हो जस्तो मलाई लागेको छ । तिर्खा भनेको परमेश्वर प्रति गरिने एक प्रकारले लालसा हो । पुरानो करारका भजन लेखकले यसरी यसलाई व्यक्त गरेका छन्" जसरी हरिणले खोलाको पानीको तृष्णा गर्दछ, त्यसरी नै हे । परमप्रभु मेरो प्राणले तपाईको तृष्णा गर्दछ । मेरो प्राण परमेश्वरको नीम्ति, जीवित परमेश्वरको निम्ति तिखाँउँदै छ । म कहिले गएर परमेश्वरलाई भेटूँ ।" (भजनसंग्रह ४२ : १ - १) के तपाईले पनि यस्तै महसुस गर्नु भएको छ ? पूर्णता प्राप्त गर्ने यो नै पहिलो सर्त हो ।

आउनुहोस वा आऊ : कहाँ आउने कसकोमा आउने ? सम्मेलनमा अगुवाकोमा खीष्ट भन्नुहुन्छ "म कहाँ आऊ" जीवनदिन पानीको मुल खीष्ट हुनुहुन्छ । खीष्ट कहाँ आउनेले मात्र जीवन प्राप्त गर्न सक्छ ।

पिउनुहोस् : इच्छा र तिष्णा, वा आएर मात्र पुग्दैन यसलाई प्रयोगमा ल्याउनु पर्छ । जसले पिउँदैन त्यसले जीवन बुझ्दैन " ".....दाखमाद्यले नमात्तियो तर आत्माले भरिएका होओ ।"(एफिसी ५ :१८) दिए पछि मात्र हो । कोही मानिस पवित्र आत्माले भरिन्छ भने त्यो उहाँले दिएको पानी पिएर नै हो ।

यति तपाईं तिर्खाउनु हुन्छ र अहिलेनै पिउनुहुन्छ भने, के तपाईले यो सरल प्रार्थना गर्न सक्नुहुन्छ "प्रभु म तिर्खाएको छु, म आउँछु र पिउँछु, प्रभु तपाईले दिनु भएको पवित्र आत्माले भरिन्छु ।" तपाईंलाई धन्यवाद ।

प्रार्थना गरौं

- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका खीष्टियनहरूका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरू रोकिन सकोस् ।
- प्रवासी नेपालीहरूको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरू, किल्लाहरू आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)

विशेष धन्यवाद

पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

रमेश बिडारी, दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, नेपाल खीष्टियन हेराल्ड ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta